# ठूलीभेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जुफाल, डोल्पा
## कर्णाली प्रदेश, नेपाल

०८७-५५१०१३
०८७-५५१०१४


ठूलीभेरी नगर कार्यपालिकाको कार्यालय जुफाल, डोल्पा कर्णाली प्रदेश २०७३

पत्र संख्याः २०८१/०८२

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१/०८/ ०६गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत ठूलीभेरी नगरपालिका डोल्पामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नम्बर. ०४।०८१।८२

| क्र. .सं | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह) | ▪ १ जना | ▪ **मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र वा १०+२ उतीर्ण गरी परामर्श** कार्य वा सामाजिक परिचालनमा **कम्तिमा तीन वर्षको कार्यानुभव** भएको।<br>▪ स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई बिशेष प्राथमिकता दिईनेछ।<br>▪ **दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको**<br>▪ **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।**<br>▪ **कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।**<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। |
| २ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | ▪ १ जना | ▪ **मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह,** स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको र **पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।**<br>▪ **मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी** राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र **सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।**<br>▪ **दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको**<br>▪ **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य** |

# ठूलीभेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जुफाल, डोल्पा
## कर्णाली प्रदेश, नेपाल

०८७-५५१०१३
०८७-५५१०१४

पत्र संख्याः २०८१/०८२

| | | | |
|---|---|---|---|
| | | | नभएको । ▪ **कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ ।** ▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । ▪ नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |

**कार्य अवधिः** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम :** आप्रवासी श्रोत केन्द्र-परामर्श कर्ता मनोसामाजिक परामर्श कर्ताको हकमा (लिखित प्रयोगात्मक र अन्तरवार्ता )

दरखास्त दस्तुरः ५०० (पाँच सय मात्र)

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८१/०८।२० गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

नोटःदरखास्त फारम यस कार्यालयमा उपलब्ध हुनेछ । साथै पदसंग सम्बन्धित पाठ्यक्रम यस कार्यालयको वेबसाइट www.thulibherimun.gov.np बाट डाउनलोड गरि हेर्न सकिनेछ ।

पदपुर्ति समिति